# लोक सेवा आयोग
# बुटवल कार्यालय
(परीक्षा शाखा)

बुटवल, रूपन्देही

## आन्तरिक प्रतियोगितातर्फको रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदको लिखित परीक्षाको परीक्षा केन्द्र कायम गरिएको सूचना।

**सूचना नं. १२६/०८३-८४, मिति २०८३/०४/१४**

लोक सेवा आयोग, बुटवल कार्यालयको विज्ञापन नं. **१३८०६/०८२-८३ (आ. प्र.)**, रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदमा **बुटवल परीक्षा केन्द्र** राखी दरखास्त स्वीकृत भएका उम्मेदवारको लिखित परीक्षा कार्यक्रम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।
साथै सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजात संलग्न राखी **लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१)** बमोजिम परीक्षा शुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ। परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

**परीक्षा कार्यक्रम**

| क्र.सं. | पत्र | विज्ञापन नं. | पद | परीक्षा प्रणाली | विषय | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | प्रथम | १३८०६/०८२-८३ (आ. प्र.) | खरिदार वा सो सरह | वस्तुगत (Objective) | सामान्य ज्ञान | २०८३/०५/०४ गते दिनको २:०० बजे | ४५ मिनेट |
| २. | द्वितीय | | | विषयगत (Subjective) | सेवा सम्बन्धित कार्य ज्ञान | २०८३/०५/०५ गते दिनको २:०० बजे | २ घण्टा ३० मिनेट |

**परीक्षा केन्द्र**

| क्र.सं. | उम्मेदवारको रोल नम्बर | परीक्षार्थी संख्या | परीक्षा केन्द्र |
|---|---|---|---|
| १. | ५५०००१ देखि दरखास्त स्वीकृत भएका सबै उम्मेदवार | दरखास्त स्वीकृत भएका सबै उम्मेदवार | श्री लोक सेवा आयोग, बुटवल कार्यालयको परीक्षा हल |

**द्रष्टव्यः-**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराईने हुँदा **प्रवेश पत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नुपर्नेछ।
३. परीक्षा केन्द्रमा **झोला, मोबाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू लैजान निषेध** गरिएको छ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुनेछैन।
५. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र सँगै आफ्नो **नागरीकताको प्रमाणपत्र** वा **नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै सक्कलै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
६. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ।
७. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्नेछ।
८. तोकिएको परीक्षा केन्द्र भन्दा बाहेक अन्य परीक्षा केन्द्रमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराइने छैन।

| | | |
|---|---|---|
| **(चेतन कुमार अधिकारी)** | **(पुरुषोत्तम चौधरी)** | **(हर्क बहादुर रोका)** |
| नायब सुब्बा | कम्प्युटर अपरेटर | शाखा अधिकृत |